# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:18.07.2024**

***SHAH Narcotics***

केन्द्रीय गृह मन्त्रालयले भनेको छ सरकारले मादक पदार्थको तस्करी नियन्त्रणका लागि कुनै कुरा पनि नगर्ने नीति अप्नाएको छ । नयाँ दिल्लीमा आयोजित नार्को समन्वय केन्द्रको उच्च स्तरीय बैठकमा यस्तो जानकारी दिइएको हो । नयाँ दिल्लीमा आयोजित नार्को समन्वय केन्द्रको उच्च स्तरीय बैठकमा यस्तो जानकारी दिइएको हो । केन्द्रीय गृहमन्त्रई श्री अमित शाहले यसको अध्यक्षता गर्नुभयो । बैठकमा तताइए अनुसार केन्द्र सरकारको लक्ष्य तीन सूत्री रणनीतिको माध्यमद्वारा 2047 साल सम्ममा देशलाई मादक पदार्थ मुक्त बनाउनु रहेको छ ।
यी कार्यक्रमहरू हुन संस्थागत संरचनाहरूलाई सुदृढ बनाउनु मादक पदार्थ नियन्त्रणका सबै एजेन्सीहरूसित समन्वय बढ़ाउनु र ब्यापक स्तरमा जंनजागरूकता अभियान शुरू गर्नु ।

***DC Pakyong Meeting***

पाकिम जिल्लाधीश श्री अगवाने रोहन रमेशले जिल्ला प्रशासनिक केन्द्रमा जिल्लाका महकुमा अधिकारीहरूसित समन्वय बैठक गर्नुभयो । महकुमा स्तरमा भइरहेका कार्यहरू र क्षेत्रमा कार्यान्वित विविध परियोजनाहरूको प्रगतिवारे चर्चा गर्ने उद्देश्य बैठक डाकिएको थियो । यसमा सम्वन्धित महकुमा अधिकारीहरूले चलिरहेका परियोजनाहरू र कानुनी मामिलाहरूवारे जानकारी दिए । महकुमाहरूमा सुधार जनसेवा बढ़ाउने सम्वन्धी आवश्यकताहरूवारे अवगत गराइएपछि थाँतीमा रहेका कार्यहरू पूरा गर्नुपर्ने विषयवारे चर्चा भयो । पछि जिल्लाधीशले महकुमा अधिकारीहरूले आ आफ्नो भूमिका र दायित्व पूरा गर्नुपर्ने कुरो बताउँदै कुनै पनि वील तयार पार्न अघि दस्तावेजहरूको पूर्ण जाँच गर्ने आग्रह गर्नुभयो । बैठकमा अतिरिक्त जिल्लाधीश श्री साङ्गे ग्याछो भुटिया पनि उपस्थित हुनुहुन्थ्यो ।

***Wine Kits distribution***

राज्यको वाणिज्य तथा उद्योग विभागले वाइसजना लाभार्थीहरूलाई वाइन तयार पार्ने सामग्रीहरू वितरण गरेको छ । गान्तोकमा आज आयोजित एउटा कार्यक्रममा विभागका सचिवले गत महीना मेघालयको शिलङमा दस दिवसीय तकनिकी प्रशिक्षणमा सहभागी बन्ने प्रशिक्षणार्थीहरूलाई यी सामग्रीहरू हस्तान्तरण गर्नुभयो । सूक्ष्म लघु तथा मध्यम उद्यम MSME मन्त्रालयको RAMP योजना याजना अन्तर्गत यो विशेष प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो । सहभागीहरूलाई फल र महको प्रयोगद्वारा वाइन तयार पार्ने प्रशिक्षण दिइएको थियो । RAMP योजनाको उद्देश्य हस्तकला, हस्तशिल्प, गलैचा बुनाइ, थाङका तयारी, पुस्पखेती, खाद्य प्रसंस्करण, गृहवास सञ्चालन, ग्रामीण पर्यटन, साहसिक पर्यटन जस्ता विभिन्न क्षेत्रमा कौशल तथा क्षमता विकासद्वारा सूक्ष्म, लघु तथा मध्यम उद्यमीहरूको कार्यमा सुधार ल्याउनु हो । बताइन्छ स्थानीय उद्यमीहरूले राज्यको वाणिज्य तथा उद्योग विभागका यस्ता गतिविधिहरूलाई कौशल विकास, वित्रीय सहायता अनि उनीहरूका उत्पादहरूको ब्राण्डिङ र विपणनका लागि उपयोगमा ल्याउन सक्नेछन् ।

***Mangan Awareness Campaign***

सरकारको निर्देश अनुरूप मंगनको मोटर यान प्रभागले सही ट्याक्सी भाड़ा र वाहनहरूमा अधिसूचित दर चार्ट राख्ने सम्वन्धमा चालकहरूमाझ जागरूकता अभियान गरिरहेछ । उप क्षेत्रीय परिवहन अधिकारी श्री टेम्पा आर भुटियाको नेतृत्वमा अन्य अधिकारी र कर्मचारीहरूले सहभागिता जनाइरहेछन् । अभियानमा बताइए अनुसार स्थानीय ट्याक्सी चालकहरूले, गुगल पे, पेटीएम, र फोनपे जस्ता माध्यमद्वारा UPI भूक्तान स्वीकार गर्न वाहनहरूमानै QR कोर्ड उपलब्ध गराउनुपर्नेछ ।

***Rankey Mela***

राज्य विधानसभाकी उपाध्यक्ष श्रीमती राजकुमार थापाले आज नाम्चीमा आयोजित राँके मेला समारोहमा विभिन्न प्रतियोगिताको शुभारम्भ गर्नुभयो । पारम्परिक रूपमा मनाइएको राँके मेलामा आयोजन गरिएका विभिन्न ग्रामीण खेलकुदमा धेरै जनाले आ आफ्नो कौशल प्रदर्शन गरे । कार्यक्रमको आकर्षण Grease pole मा धेरै टीमहरू सहभागी बने । City Blast प्रतियोगिता, Tug of War, अनि पुरूष र महिला वर्गवीच Arm Wrestling ले दर्शकहरूको ध्यान आकर्षित गरयो ।

***WCDD***

पाकिम जिल्लामा महिला तथा वाल विकास विभाग अधिन one stop centre सित मिलेर जिल्ला महिला सशक्तिकरण केन्द्रले आज रिनाक प्रखण्ड प्रशासनिक केन्द्रमा व्यापक जागरूकता कार्यक्रम आयोजित गरयो । विभिन्न स्वयं सहायता समूह र मनरेगा कर्मीहरू उपस्थित रहेका कार्यक्रम महिला हेल्पलाइन शक्ति सदन, सखी निवास र one stop केन्द्हरूद्वारा महिलाहरूलाई उपलब्ध गराइने सुनिधाहरूवारे जानकारी दिइयो।

***SC Judge Oath***

न्यायमूर्ति नोंगमेइकापम कोटिस्वर सिंह र न्यायमूर्ति आर महोदेवनले आज सर्वोच्च न्यायालयको न्यायधीशको रूपमा शपथ लिनुभयो । भारतका मुख्य न्यायाधीश न्यायरर्ति डी वाई चन्द्रचूडले दुवैजना न्यायाधीशहरूलाई शपथ ग्रहण गराउनुभयो । यस अघि न्यायमूर्ति नोंगमेडकापम कोटिस्तर सिंह जम्मू कश्मीर र लद्दाख उच्च न्यायालयका मुख्य न्यायाधीश र न्यायभूर्ति आर महादेवन मद्रास उच्च न्यायालयका न्यायाधीश हुनुहन्थ्यो ।